आज मिति २०७६।१२।११ गतेका दिन रौतहट जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री बासुदेव घिमिरेको अध्यक्षतामा जिल्ला सुरक्षा समितिको बैठकमा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न निर्णयहरु गरियो ।

**उपस्थितीः-**

| | |
|---|---|
| १. प्र.जि.अ.श्री बासुदेव घिमिरे | - अध्यक्ष |
| २. प्रमुख सेनानी श्री सामन्त ध्वज खाण | - सदस्य |
| ३. प्र.उ.श्री रवि राज खड्का | - सदस्य |
| ४. स.प्र.उ.श्री रविन राज कर्णजीत | - सदस्य |
| ५. उप.अनु.नि. श्री अभिनय कुमार सिंह | - सदस्य |
| ६. प्र.अ. श्री किरण निधि तिवारी | - सदस्य सचिव |

**आमन्त्रित**

नगर प्रमुख श्री अजय कुमार गुप्ता - गौर नगरपालिका

डा. श्री कृष्णा साह - गौर अस्पताल

का.प्र. श्री महेश साह - जनस्वास्थ्य कार्यालय रौतहट

**निर्णयहरु :-**

१. कोरोना भाइरसको संक्रमणका शंकास्पद व्यक्तिहरुलाई क्वारेन्टाइन, आइसोलेसन वा अस्पतालमा लैजानको लागि जिल्लामा उपलब्ध एम्बुलेन्सहरुको विवरण अनुसार चन्द्रपुर इलाकाका लागि २ वटा गरुडा इलाकाका लागि २ वटा र सदरमुकाम इलाकामा ४ वटा एम्बुलेन्सहरु ड्राइभर र इन्धन सहित स्टयान्डबाई अवस्थामा राख्ने । जिल्ला भित्र उपलब्ध भएका सम्पूर्ण एम्बुलेन्सलाई १/१ हप्ताको आलोपालो मिलाई परिचालन गर्ने । सम्बन्धित इलाकाका सुरक्षा निकाय भित्रै एम्बुलेन्स राख्ने तथा ड्राइभरको खाने बस्ने व्यवस्था मिलाउने निर्णय गरियो । आवश्यक परेको बेला विभिन्न वहानामा एम्बुलेन्स उपलब्ध नगराउने एम्बुलेन्स वा संस्थालाई कारवाही गर्न र एम्बुलेन्स दर्ता खारेज गरी सवारी साधन नियन्त्रणमा लिने निर्णय गरियो ।

२. गृह मन्त्रालयको च.नं. ३४१० मिति २०७६/१२/०९ को निर्णय बमोजिम प्राप्त ८ बुंदे निर्देशन कडाइका साथ कार्यान्वयन गर्ने निर्णय गरियो ।

३. कोरोना संक्रमणका शंकास्पद व्यक्तिहरुलाई अस्पताल वा क्वारेन्टाइन स्थलमा ल्याउन लैजान जिल्लाका प्रत्येक नगरपालिकालाई एउटा एम्बुलेन्स २४ सै घण्टा stand by राख्न निर्देशन दिने निर्णय गरियो ।